क.द.नं. १९८७४३/०७५/०७६
इजाजत पत्र नं. ने. रा. बैंक /इ.प्रा./"घ"/८४/०७५/०७६

# बिपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेड
# BPW Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ"बर्गको इजाजत पत्र प्राप्त वित्तीय संस्था, प्रादेशिक स्तर (वागमती प्रदेश) कार्यक्षेत्र भएको

Banepa-8, Kavrepalanchowk
011-660196
bpwlaghubitta@gmail.com
bpwlaghubitta.com.np

च.नं. : ११२ । ०८० । ०८१

मिति : २०८० । ०९ । ०८

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

काठमाण्डौं ।

विषय : पाँचौ वार्षिक साधारण सभा सम्बन्धी जानकारी गराईएको बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८० पौष ६ गते बसेको १५२ औं बैठकको निर्णयानुसार कम्पनीको पाँचौं वार्षिक साधारण सभा (आ.व. ०७९/८०) मिति २०८०/०९/२९ गते बस्ने तय भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि मिति २०८०/०९/०८ को नयाँ पत्रिका दैनिकमा साधारण सभा सम्बन्धी सुचना प्रकाशन गरीएको ब्यहोरा जानकारी गराउदै तहाँको जानकारीको लागि नयाँ पत्रिका दैनिकमा प्रकाशित गरीएको सुचना यसै पत्रसाथ संलग्न गरी पेश गरीएको ब्यहोरा जानकारीको लागी अनुरोध समेत गरीन्छ ।

भवदिय,

दिलिप कुमार पोखरेल

प्रमुख कार्यकारी अधिकृत

# बिपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेड
# BPW Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्ग प्रादेशिक स्तरको इजाजतपत्र प्राप्त संस्था)
केन्द्रीय कार्यालय बनेपा-८, तिनदोबाटो, काभ्रेपलाञ्चोक
फोन नं. ०११-६६०१९६, Web site : www.bpwlaghubitta.com.np

## पाँचौ वार्षिक साधारणसभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०९/०८**

**श्री आदरणीय शेयरधनी महानुभावहरु,**

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८० पौष ६ गते बसेको १५२ औं बैठकको निर्णयानुसार कम्पनीको पाँचौं वार्षिक साधारणसभा (आ.व. ०७९/८०) निम्न मिति, समय र स्थानमा देहायका उल्लेखित विषयहरुमा छलफल गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि अनुरोध गरिन्छ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८० पौष २९ गते आईतबार (तदनुसार १४ जनवरी,२०२४)
**समय** : विहान ११:०० बजे
**स्थान** : होटल ले बगैचाको सभा हल,जावलाखेल,ललितपुर

**छलफलका विषयहरू :**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आ. व. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल तथा पारित गर्ने ।

२. आ.व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण एवं सोसंग सम्बन्धित अनुसूचीहरु पारित गर्ने ।

३. आ.व.२०७९/०८० को लेखापरीक्षण कार्य गर्नको लागि लेखापरीक्षण समितिबाट सिफारिश भए बमोजिम लेखापरीक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक श्री सुविज एण्ड एसोसिएट्स, चार्टड एकाउन्टेन्स्, ऐन बमोजिम पुनः नियुक्त हुन सक्नुहुनेछ ।)

**(ख) विविध :**

## साधारणसभा सम्बन्धी थप जानकारी :

१. शेयरधनी दर्ता किताब बन्द रहने : पाँचौ बार्षिक साधारण सभा प्रयोजनका लागि वित्तीय संस्थाको शेयर दाखिल खारेज मिति : २०८०/०९/१७ गते बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई तोकिएको समयावधि भित्रमा यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनआईएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा शेयर नामसारीको लागि प्राप्त विवरणका आधारमा कायम रहेका शेयरधनीहरु यस साधारण सभामा भाग लिन पाउन योग्य हुने ब्यहोरा सर्वसाधारण सबैको जानकारीको लागि सुचित गरिन्छ ।

२. वार्षिक साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण वा परिचय खुल्ने कुनै आधिकारीक प्रमाणपत्र साथमा लिएर आईदिनुहुन अनुरोध छ । संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाको आधिकारीक पत्र पेश गर्नुपर्नेछ ।

३. पाँचौ वार्षिक साधारण सभाको प्रतिवेदन शेयरधनीहरुको ठेगानामा हुलाक/कुरियर वा अन्य कुनै माध्यमबाट पठाइनेछ । कुनै कारणवश उपरोक्त प्रतिवेदन प्राप्त नगर्नुहुने शेयरधनी महानुभावहरुले यस वित्तीय संस्थाको वेवसाईट (www.bpwlaghubitta.com.np) मा पनि हेर्न सक्नुहुनेछ । साथै, वित्तीय संस्थाको केन्द्रीय कार्यालय, वनेपा-०८, तिनदोबाटो, काभ्रेपलाञ्चोक वा वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनआईएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौ र सभा हुने दिन सभा स्थलबाट समेत प्राप्त गर्न सक्नु हुनेछ ।

४. नाबालक शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता कितावमा उल्लेखित) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्ती गर्न र मत दिन समेत सक्नेछन ।

५. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभाहुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी उपस्थिति पुस्तिका बिहान ८:०० बजेदेखि खुल्ला रहनेछ ।

६. साधारणसभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले तोकिएको ढाँचामा वित्तीय संस्थाको शेयरधनीहरुलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन् । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै कार्यालय समयभित्र वित्तीय संस्थाको वनेपा-०८, तिनदोबाटो, काभ्रेपलाञ्चोक स्थित केन्द्रीय कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

७. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा निजबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन् ।

८. कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्था सम्वन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पठाउनु हुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

९. साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय, वनेपा-०८, तिनदोबाटो, काभ्रेपलाञ्चोकको फोन नं. ०११-६६०१९६ मा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनि सचिव**